अनुसुची-४

## (स्थानीय तह पुनर्वास नगरकार्यपालिकाको कार्यालय र प्रभु बैंक बिचको सम्झौता पत्र)

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम श्री पुनर्वास नगरपालिकाको कार्यालय (यस पछी नगरपालिका भनिने) र श्री प्रभु बैंक लि.,पुनर्वास शाखा (यस पछि बैंक भनिने) बीच पुनर्वास नगरपालिकाको वडा नं.-१ र २ को सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

शर्तहरु

१.नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्रहीहरुको नाम,ना.प्र.प.नं., एम.आइ.एस.बाट आउने १३ अंङ्कको सा.सु.भत्ता प.प.नं.,ठेगाना,निजले चौमासिक पाउने रकम समेतको पुर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यमबाट(Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ।

२.बैंकले नगरपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ। यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक् गरि १३ अंङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वित्तीय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ।

३.पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ।

४.बैंकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट नगरपालिकालाई उपलब्ध गराउनेछ।

५.नगरपालिकाले प्रत्येक लाभग्राहीको विवरण (Forward Feed) मार्फत नाम,लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकम चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ।

६.नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत नगरपालिकालाई उपलब्ध गराउनेछ।

७.तथ्यांङ्क आदान प्रदान गर्दा सुरक्षित API,Forward Feed/Reverse Feed जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ।

८.कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ। सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाउनेछ।

९.बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र नगरपालिकालाई दिनुपर्नेछ।

१०.बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन नगरपालिकालाई दिनेछ। उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न नगरपालिकाबाट लेखि आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ।

११.९० वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड(कवर्गको) प्राप्त गरेका पुर्ण अपाङ्गता भएका लाभग्राही,अति असक्तता भएको प्रमाणीत भएका लाभग्हीहरुको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक वा वित्तिय संस्ता र नगरपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक तथा वित्तिय संस्था मार्फत हिसाव मिलान गरिनेछ।

१२.दुबै पक्षको सहमतिबाट लाभग्राहीहरुलाई सहज ढंङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ।

१३.यस पुनर्वास नगरकार्यपालिकाको कार्यालय र प्रभु बैंक लि.,पुनर्वास शाखा बिचको सम्झौता आगामी मिति २०७९।०३।३२ सम्मका लागि मान्य हुनेछ।

नगरपालिकाको तर्फबाट

पदः- प्रमुख प्रशासकीय अधिकृत

नामः-पि[illegible]पाण्डे

दस्तखतः-

मितिः-२०७६।१०।०५

बैंक तथा वित्तीय संस्थाको तर्फबाट

पदः- शाखा प्रबन्धक

नामः- गौरब शर्मा

दस्तखतः-

मितिः-२०७६।१०।०५

<u>रोहवर</u>

पदः- नगर प्रमुख

नामः-जीवन राज थापा

दस्तखतः-

मितिः-२०७६।१०।०५

पदः- सामाजिक सुरक्षा फाँट प्रमुख

नामः-मान वहादुर खडका

दस्तखतः-

मितिः-२०७६।१०।०५

पदः- आर्थिक प्रशासन प्रमुख

नामः- पारस जोशी

दस्तखतः-

मितिः-२०७६।१०।०५

ईति सम्वत २०७६साल माघ ५ गते रोज १मा शुभम्